भूमिकास्थान नगरपालिका नगर कार्यपालिका बैठक  मिति २०८३/०१/२१  बैठक संख्याः १३

# तेह्रौं बैठक

आज मिति २०८३।०१।२१ गते सोमबारका दिन भूमिकास्थान नगरपालिकाका नगर प्रमुख श्री झविलाल थापाज्यूको अध्यक्षातामा देहायको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी तपसिल बमोजिम निर्णयहरु गरियो ।

तपसिल

| सि.नं. | नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री झविलाल ~~बन्जाडे~~ थापा | नगर प्रमुख | भूमिकास्थान नगरपालिका | |
| २. | श्री बालकृष्ण बन्जाडे | नगर उपप्रमुख | भूमिकास्थान नगरपालिका | |
| ३. | श्री गोपाल प्रसाद खनाल | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भू.न.पा. वडा नं. १ | |
| ४. | श्री बुद्धि बहादुर थापा | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भू.न.पा. वडा नं. २ | |
| ५. | श्री कृष्ण प्रसाद बन्जाडे | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भू.न.पा. वडा नं. ३ | |
| ६. | श्री बाबुराम पन्थी | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भू.न.पा. वडा नं. ४ | |
| ७. | श्री जयगोपाल श्रेष्ठ | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भू.न.पा. वडा नं. ५ | |
| ८. | श्री प्रेम नारायणा बेल्वासे | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भू.न.पा. वडा नं. ६ | |
| ९. | श्री रामचन्द्र ढुङगाना | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भू.न.पा. वडा नं. ७ | |
| १०. | श्री राजकुमार श्रेष्ठ | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भू.न.पा. वडा नं. ८ | |
| ११. | श्री खेमराज चुँदाली | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भू.न.पा. वडा नं. ९ | |
| १२. | श्री खगेश्वर पन्थी | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भू.न.पा. वडा नं. १० | |
| १३. | श्री खुमा बेल्वासे | नगर कार्यपालिका सदस्य | भूमिकास्थान नगरपालिका | |
| १४. | श्री केशरा परियार | नगर कार्यपालिका सदस्य | भूमिकास्थान नगरपालिका | |
| १५. | श्री तिर्था बेल्वासे | नगर कार्यपालिका सदस्य | भूमिकास्थान नगरपालिका | |
| १६. | श्री ठाकुर सौराग | नगर कार्यपालिका सदस्य | भूमिकास्थान नगरपालिका | |
| १७. | श्री विष्णु वि.क. | नगर कार्यपालिका सदस्य | भूमिकास्थान नगरपालिका | |
| १८. | श्री मान बहादुर सुनार | नगर कार्यपालिका सदस्य | भूमिकास्थान नगरपालिका | |
| १९. | श्री गिता जि.एम. | नगर कार्यपालिका सदस्य | भूमिकास्थान नगरपालिका | |
| २०. | श्री गिर बहादुर नेपाली | नगर कार्यपालिका सदस्य | भूमिकास्थान नगरपालिका | |
| २१. | श्री रविन्द्र प्रसाद चौधरी | सदस्य सचिव एवं प्रमुख प्रशासकीय अधिकृत | भूमिकास्थान नगरपालिका | |

निर्णय प्रमाणित गरिएको

01/22

सहयोगी कर्मचारी

| सि.नं. | नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री जुना पाण्डे | वरिष्ठ लेखा अधिकृत | भूमिकास्थान नगरपालिका | |
| २. | श्री हरिश्चन्द्र भुसाल | प्रशासकीय अधिकृत | भूमिकास्थान नगरपालिका | |
| ३. | श्री शेषकान्त घिमिरे | स. कम्प्युटर अधिकृत | भूमिकास्थान नगरपालिका | |
| ४. | श्री सुनिल पोखेल | स. लेखा अधिकृत | भूमिकास्थान नगरपालिका | |

प्रस्तावहरु

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।
२. जग्गा वर्गीकरणको छलफल सम्बन्धमा ।
३. सडक गुरुयोजना सम्बन्धमा ।
४. गुणस्तरीय शिक्षा सम्बन्धमा ।
५. विविध ।

निर्णय नं. १ प्रस्ताव नं. १ माथि छलफल गर्दा नगरकार्यपालिकाको अघिल्लो बैठकमा भएका निर्णयहरुको सन्दर्भमा छलफल गर्दा देहाय बमोजिम कार्यान्वयन अवस्था रहेको पाईयो ।

- लुम्विनी प्रदेशबाट प्राप्त हुने समपूरक अनुदानको सम्बन्धमा छलफल गर्दा आर्थिक वर्ष २०८३/०८४ को लागि भूमिकास्थान नगरपालिकाबाट छनौट भएका आयोजनाहरु लुम्विनी प्रदेश तथा नगरपालिकाबाट म्याचिङ गर्ने गरी भएको निर्णय बमोजिमको विवरण सम्बन्धित निकायमा पठाई सकिएको ।
- लुम्विनी प्रदेशबाट प्राप्त हुने विशेष अनुदानको सम्बन्धमा छलफल गर्दा आर्थिक वर्ष २०८३/०८४ को लागि भूमिकास्थान नगरपालिकाबाट छनौट भएका आयोजनाहरु लुम्विनी प्रदेश सरकारसँग स्वीकृतिको लागि पठाउने निर्णय भए बमोजिम सम्बन्धित क्षेत्रमा पठाई सकिएको ।
- भूमिकास्थान नगरपालिकाको विधायन समितिबाट सिफारिश भै आएको एकल महिला वडा तथा नगरस्तरीय संजाल गठन र कोष संचालन कार्यविधी, २०८२ स्वीकृत गर्ने निर्णय भए बमोजिम कार्यान्वयन प्रारम्भ भएको।
- भूमिकास्थान नगरपालिकाको स्वास्थ्य शाखा अन्तर्गत विभिन्न कार्यक्रम तथा शिर्षकहरुमा विनियोजित बजेटहरुलाई संशोधन गरी कार्यक्रम संचालन गर्ने निर्णय भए बमोजिम कार्यान्वयन प्रारम्भ भएको।

निर्णय नं. २ प्रस्ताव नं. २ को जग्गा वर्गीकरण सम्बन्धी अन्तिम प्रतिवेदन उपर व्यापक छलफल हुँदा प्रस्तुत गरीएको प्रतिवेदनमा थप सुधारको लागि सुझाव प्रदान गरीएकोमा सुझावलाई समेटी अन्तिम प्रतिवेदन तयार गर्न र पेश भएको प्रतिवेदनलाई थप सुझावको लागि १५ दिनको समयावधि दिई नगरबासीहरु माझ सार्वजनिक गर्ने निर्णय गरीयो ।

निर्णय प्रमाणित गरिएको

09/22

**निर्णय नं. ३ प्रस्ताव नं. ३** को नगर सडकगुरुयोजनाको अन्तिम प्रतिवेदन बैठकमा प्रस्तुत भयो र सो प्रतिवेदनमा दिइएका सुझावहरुलाई समेटी नगर सडक गुरुयोजनाको अन्तिम प्रतिवेदन पेश गर्न लगाउने निर्णय गरियो ।

**निर्णय नं. ४ प्रस्ताव नं. ४** शैक्षिक गुणस्तर अभिवृद्धि सम्बन्धमा मिति २०८३ वैशाख २३ गते शिक्षक,विद्यालय व्यवस्थापन समिति, जनप्रतिनिधि, कर्मचारी तथा अन्य सरोकारवालाहरु सहितको व्यापक भेला गर्ने निर्णय गरीये साथै विद्यालय समायोजनको प्रक्रिया प्रारम्भ गर्न सबै विद्यालय क्षेत्रमा स्थलगत अध्ययन गरी प्रतिवेदन पेश गर्ने प्रयोजनको लागि नगर उपप्रमुख बालकृष्ण बन्जाडेको संयोजकत्वमा तपसिल बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

तपसिलः

संयोजकः श्री बालकृष्ण बन्जाडे, नगर उपप्रमुख

सदस्यः श्री जयगोपाल श्रेष्ठ, सामाजिक विकास समिति संयोजक

सदस्यः श्री रामचन्द्र ढुङ्गाना, वडा अध्यक्ष, वडा नं. ७

सदस्यः श्री माधवा बेल्वासे, कार्यपालिका सदस्य

सदस्य सचिवः श्री टिकाराम आचार्य, शिक्षा शाखा प्रमुख

**निर्णय नं. ५** भूमिकास्थान नगरपालिकाको गुनासो पेटीकामा प्राप्त तपसिल बमोजिमको गुनासो तथा सुझावलाई बैठकमा प्रस्तुत गरीयो र प्राप्त सुझावलाई क्रमशः कार्यान्वयन गर्दै जाने निर्णय गरियो ।

तपसिलः

१. पिपलनेटा-खिल्जी- सन्धिखर्कको लागि नियमित गाडी संचालनमा पहल गर्ने ।

२. वडा नं. १ र २ को एम्बुलेन्स सेवा संचालन गर्ने ।

३. कृषि एम्बुलेन्स संचालन गरी कृषकको उत्पादनलाई बजारीकरणमा सहयोग गर्ने ।

४. कार्यालय क्षेत्रमा प्रतिक्षालय निर्माण गर्ने ।

**निर्णय नं. ६** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ४१२ मिति २०८३।०१।१७ गतेको सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण गर्ने/गराउने सम्बन्धको पत्रको बारेमा बैठकमा जानकारी भयो ।

09/22

र्णय प्रमाणित गरिएको